# मकवानपुरगढी गाउँपालिकाको महिला स्वयम्सेविका सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७७

मकवानपुरगढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

मक्रान्चुली, मकवानपुर

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# मकवानपुरगढी गाउँपालिकाको महिला स्वयम्सेविका सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

नेपालको स्वास्थ्य क्षेत्रमा विगत देखि नै महत्वपुर्ण योगदान पुर्‍याउँदै आएको, महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई गाउँपालिकाबाट न्युनतम सुविधा दिई गाउँपलिकाबाट लिएको स्वास्थ्य सेवाको क्रियाकलापलाई प्रभावकारी बनाउँदै लगिएको सन्दर्भमा स्वास्थ्य क्षेत्रमार्फत गाउँपालिकालाई मानव विकास सुचकाङ्कमा अगाडि बढाई गाउँपालिकालाई सक्षम गाउँपालिका बनाउन निरन्तर रुपमा खटिएका स्वास्थ्य क्षेत्र सुधारका वाहक महिला स्वयम् सेविकाहरुलाइ न्युनतम् सेवा सुविधा उपलव्ध गराउन कार्यविधि आवश्यकता भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा मकवानपुरगढी गाउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम मकवानपुरगढी गाउँपालिकाको मिति २०७७ बैशाख १६ को कार्यपालिकाको बैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

**संक्षिप्त नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस मापदण्डको नाम "मकवानपुरगढी गाउँपालिकाको महिला स्वयम् सेविका सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "गाउँपालिका" भन्नाले मकवानपुरगढी गाउपालिकालाई सम्झनु पर्छ

(ख) "कार्यविधि" भन्नाले "मकवानपुरगढी महिला स्वयम् सेविका सेवा सुविधा सम्वन्धी कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मकवानपुरगढी गाँउ कार्यपालिका लाई सम्झनु पर्छ ।

(घ) "महिला स्वयम् सेविका" भन्नाले मकवानपुरगढी गाउँपालिका भित्र रहेका नियमानुसार छनौट भइ कार्य गरिरहेका महिला स्वयम् सेविका सम्झनु पर्छ ।

ङ) " स्वास्थ्य संस्था" भन्नाले यस गाउँपालिका भित्र संचालनमा रहेका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइ सम्झनु पर्छ ।

च) "स्वास्थ्य शाखा" भन्नाले मकवानपुरगढी गाउँपालिकामा रहेको स्वास्थ्य सम्झनुपर्छ ।

छ) "स्वयम् सेविका छनौट समिति" भन्नाले स्वयम्सेवक नियमानुसार महिला स्वास्थ्य स्वयम सेविका छनोट समितिलाई सम्झनुपर्छ ।

ज) "अध्यक्ष" भन्नाले मकवानपुरगढी गाउ कार्य पालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मकवानपुरगढी गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

ञ) "सेवा सुविधा" भन्नाले यस गाउँपालिकाको गाउँ सभावाट स्विकृत भइ महिला स्वयम् सेविकालाइ प्रदान गर्ने भनेको सबै सेवा सुविधा सम्झनु पर्छ ।

**३. उद्देश्य**

क. महिला स्वयम् सेविकालाई काममा उत्प्रेरणा जगाउन,

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

ख. गाउँपालिकाको स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुमा स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरी निर्धारीत समयमै लक्ष्य हाँसिल गर्न,
ग. मासिक नियमित बैठक मार्फत स्वास्थ्य क्षेत्रको प्रगती प्राप्त गर्न,
घ. संघिय, प्रादेशिक तथा गाउँपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रर्वर्द्धन सम्बन्धि लक्ष्य तथा उद्धेश्य हासिल गर्न,

**४. महिला स्वयम सेविका नियुक्ती सम्वन्धि व्यवस्था**

संघिय, प्रादेशिक तथा गाउँपालिकाको नीति नियम अनुसार सवै वडाहरुमा महिला स्वयम् सेविकाहरु नियुक्ती र परिचालन गरिने छ।

**५.महिला स्वयम सेविकाको परिचालनः** संघिय, प्रादेशिक तथा गाउँपालिका सरकारले घोषणा गरे अनुसार विभिन्न कार्यक्रमहरुको लागि परिचालन गरिनेछ ।

**६.महिला स्वयम सेविकालाइ प्रदान गरिने सेवा सुविधाः**

(१) यस मकवानपुरगढी गाउपालिकाले तपसिल वमोजिमका सेवा सुविधा उपलव्ध गराइने छ।

क. मासिक सेवा सुविधा,
ख. वार्षिक एक पटक पोसाक भत्ता,
ग. वार्षिक एक पटक चाडपर्व खर्च,
घ. प्रत्येक महिना स्वास्थ्य संस्थामा बस्ने मासिक वैकठकमा खाजा खर्च,
ङ. वार्षिक रुपमा वन्दोवस्तीका सामानहरु

(२) यस कार्यविधिको ६.१ मा उपलव्ध गराउने सेवा सुविधाहरुको दर रेट प्रत्येक वर्ष वस्ने गाउँ सभावाट विनियोजित रकम तथा निर्णयको आधारमा उपलव्ध गराइने छ।
(३) यस कार्यविधि अनुसार महिला स्वयम सेविकालाइ प्रदान गरिने सेवा सुविधि नियमानुसार मासिक रुपमा उनिहरुको वैक खातामा प्रदान गरिनेछ।
(४) महिला स्वयम सेवीकाहरुको मासिक वैठकमा आउने प्रतिवेदहरुलाइ स्वास्थ्य संस्थाले स्वास्थ्य शाखामा मासिक रुपमा पठाए पछी सेवा सुविधा वैक मार्फत भुक्तानी गरिने छ।

**९. थपघट र हेरफेर**

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्य नजर गरी मकवानपुरगढी गाउपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

**१०. वाधा अड्काउ फुकाउ**

यो कार्यविधि उल्लेख नभएको विष्यमा कुनै नितिगत व्यवहारीक वा कार्यसम्पादन सम्वन्धी समस्या आइ परेमा गाउ कार्यापालिकाले वाधा अड्काउ फुकाउ कार्य सम्पादन गर्न सहजिकरण गर्न सक्ने छ ११. बचाउ तथा खारेजीः यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत